# सेट - १

१.

| शब्द | अक्षरीकरण | अक्षर संख्या |
| --- | --- | --- |
| आज | ।आ.ज। | दुई |
| विषादियुक्त | । बि.सा.दि.युक्.त। | पाँच |
| प्राकृतिक | ~~।प्रा~~।प्रा.कृरि.तिक्। | तीन |

२. शिवनारायण सभ्यताको मर्यादा राख्न खुब जान्दथे । आफ्नो घरमा आउने, बस्ने मानिसलाई स्वागत र सत्कार गर्ने बानी भएकाले उनले रामबहादुरको पनि सत्कार गरे ।

३.

पारिभाषिक

- मधुमेह : मधुमेह जस्तो निको नहुने रोगका कारण रामको खानपानमा अधिक सावधानी अपनाउनु परेको छ ।

अनुकरणात्मक शब्द

- कपाकप : आशिष घर आउने बित्तिकै कपाकप खाजा खान्छ ।

अथवा

उखान

- रातभरि करायो कक्षीणा हरायो : रातभरि करायो कक्षीणा हरायो भनेझैँ शिक्षकले दिनदिनै पढाइको महत्त्व बुझाउँदा पनि दिपक परीक्षामा अनुत्तीर्ण भएछ ।

## टुक्का

- लख काट्नु : आकाशमा कालो बादल मडारिएर मैले आज पानी पर्दैन भनेर लख काटें ।

४.

| पद | वर्ग |
|---|---|
| भव्य | विशेषण |
| घर | नाम |
| नजिक | नामयोगी |
| पुग्यौं | क्रियापद |
| छिटो | क्रियायोगी |
| के | सर्वनाम |

५.

| तत्सम शब्द | आगन्तुक शब्द |
|---|---|
| पैताल | कम्प्युटर |
| प्रविधि | एन्टिभाइरस |

६.

क) उपसर्गद्वारा शब्द निर्माण

| निर्माण प्रक्रिया | व्युत्पन्न शब्द |
|---|---|
| अ + बुझ | अबुझ |
| अन + मोल | अनमोल |
| परि + ईक्षा | परीक्षा |

७.

classmate
Date
Page 2

प्रत्ययद्वारा शब्द निर्माण।

| निर्माण प्रक्रिया | व्युत्पन्न शब्द |
|---|---|
| चाट् + अनी | चटनी |
| घुम् + ती | घुम्ती |
| अधिक + तम | अधिकतम |

ख)

| समस्त शब्द | विग्रह |
|---|---|
| महर्षि | महान पुरुष |
| वनवास | वनमा वास |
| हरदिन | हरेक दिन |

| द्वित्व शब्द | निर्माण प्रक्रिया | दोहोरिएको अंश |
|---|---|---|
| ससाना | साना + साना | स |
| ठुलठुला | ठुला + ठुला | ठुल |
| घरघर | घर + घर | घर |

७.

क) विद्यालयमा आयोजित कार्यक्रमको उद्घाटन प्रधानाध्यापकद्वारा भएको थियो। रामलाई उत्कृष्ट कलाकारिता प्रधानाध्यापकले पुरस्कार प्रदान गर्नु भयो। कार्यक्रमको लागि विभिन्न ठाउँठाउँबाट मान्छे आएका थिए। मेरो साथी कलाहरूदेखि प्रसन्न भइन्।

ख) मैले धेरै पढेको छु। तिमी पनि मसँग अध्ययन गर्दै छौ। उनी पनि हाम्रै गाउँबाट आएका हुन्। म सानोबुबाको घरमा बसे पनि तिमी चाहिँ छात्रावासमा बस्छौ।

८.

क) वर्तमान अवस्थामा मेरो पढाई नराम्रो भएतापनि मैले धेरै सुधार गरेको हुनेछु। गणित कमजोर भएका कारण सबैभन्दा धेरै समय गणितलाई दिइएको हुनेछु। ~~खेल्ने समय~~ खेल्न भन्दापनि पढाईलाई प्राथमिकतामा राखेको हुनेछु। शिक्षकको सुझाव लिएर थप योजना तयार पारेको हुनेछु।

ख) पुजारी कहिल्यै चार बजे मन्दिरको ढोका उघार्दैनन्। दर्शनार्थीहरु चार बजेअगावै मन्दिर पुग्दथे। पुजारी स्वस्थ थिए। पछि पुजारीले मन्दिरमा नै प्राण त्यागेको कसैले थाहा पाएनन्।

९.

क) साथीहरुले मलाई घुम्न जानका लागि आग्रह गरे तर म उनीहरुसँग गइनँ। कोभिड - १९ को सङ्क्रमण बढ्यो त्यसैले म पनि अर्को वर्ष घुम्न जान्छु। कोभिड - १९को सङ्क्रमण संसारभरि फैलियो र नेपाल पनि अछुतो रहेन। साथीहरु समझदार छन् तर उनीहरु कहिलेकाहीँ अपरिपक्व निर्णय पनि गर्छन्।

ख)

१०. क) ⇒ कथा भनेको जीवनको एउटा तर महत्वपूर्ण अंशलाई समेट्ने विशिष्ट घटनाको सिलसिलेवार प्रस्तुति ~~कथा~~ हो।

ख) ⇒ जीवनको महत्वपूर्ण अंशलाई समेट्ने विशिष्ट घटनाको कार्यकारण शृङ्खलालाई कथानक भनिन्छ।

ग) ⇒ कथामा मानवीय र मानवेतर गरी दुई किसिमका पात्र हुन्छन्।

घ) ⇒ प्रथम पुरुष दृष्टिबिन्दु भएका कथामा म र हामी जस्ता प्रथम पुरुषलाई बुझाउने पदको प्रयोग गरिएको हुन्छ।

ङ) ⇒ कथानक, पात्र, परिवेश, दृष्टिबिन्दु, भाषाशैली र सारवस्तु कथाका तत्व हुन्।

---

११.

बुँदा टिपोट

१) मानवजातिका लागि मानव अधिकार अपरिहार्य विषय बन्न पुग्नु,
२) मानव अधिकारको सम्मानमा हरेक व्यक्ति आवश्यक भएपनि आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने विषय त्यही मुलुकको सरकारमा निर्भर हुनु,
मानव अधिकारको सम्मान नभए प्रजातन्त्र पनि नहुनु,
३) मानव अधिकारको सम्मानलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता
४) मानव अधिकारलाई गौण विषय ठानेर र त्यसलाई आत्मसात गर्ने गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात गर्ने हुनु,

सारांश

## मानव अधिकार

मानवजातिका लागि मानव अधिकार अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको सम्मानका लागि हरेक व्यक्ति आवश्यक भएपनि आफ्नो मुलुकमा यसको सम्मान गर्ने विषय सरकारमै निर्भर हुन्छ । मानव अधिकारको सम्मान नभए प्रजातन्त्र पनि हुँदैन । यसको बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात गर्नु हो ।

अनुच्छेदमा भएको शब्द सङ्ख्या : १२६
सारांशमा हुनुपर्ने शब्द सङ्ख्या : ४५
सारांशमा भएको शब्द सङ्ख्या : ४४

---

१२. ~~ख)~~

~~मिति : २०~~

१२. (ख)

मिति : २०७४।१०।२५
बानेश्वर, काठमाण्डौं

श्री अध्यक्षज्यू,
राष्ट्रिय परीक्षा बोर्ड,
सानोठिमी, भक्तपुर।

विषय : मन्जुरीनामा

महोदय,
उपर्युक्त सम्बन्धमा म काठमाण्डौंस्थित ग्लोबल कलेज अफ म्यानेजमेन्ट, बानेश्वर, काठमाण्डौंबाट २०७४ सालमा कक्षा १२ को परीक्षा उत्तीर्ण गरेको छात्र हुँ। मैले मिति २०७४ साल माघ ३ गते ग्रेडसिट र मूल प्रमाणपत्रका लागि त्यस कार्यालयमा आवेदन दिएको थिएँ। हाल म विभिन्न कारण हरबाट बाहिर निस्कन नसक्ने अवस्थामा छु। मेरो स्नातक तहको भर्नाका लागि उक्त ग्रेडसिट र मूल प्रमाणपत्र अनिवार्य रूपमा क्याम्पसमा बुझाउनुपर्ने भएको छ। तसर्थ, काठमाण्डौं महानगरपालिका वडा नं. १० निवासी प्रियम्शु पौडेललाई ती प्रमाणपत्रहरू बुझिलिन मन्जुरीनामा दिएको छु। उक्त प्रमाणपत्रहरू निजलाई उपलब्ध गराउन मेरो स्वीकृति रहने छ र अन्यथा भएमा कुनै उजुर गर्ने छैन।

सहयोगका लागि धन्यवाद!

भवदीय
आशीष न्यौपाने
सिम्बोल नं. ७८०१४३
रजिस्ट्रेसन नं. ७३३२७१३२०१४६

१२. (ख)

## 'स्वास्थ्य बिमा रकम प्राप्तिमा समस्या'

स्वास्थ्य बिमा कार्यक्रम वार्षिक रूपमा सञ्चालित कार्यक्रम हो। सरकारको नीति तथा कार्यक्रम, बजेटको घोषणा, विगतमा भएको विभिन्न किसिमका प्रगतिको समीक्षा गरेर वार्षिक कार्ययोजना तय हुन्छ। गुणस्तरीय स्वास्थ्य सेवा सर्वसाधारणलाई प्रवाह गर्ने र स्वास्थ्य सेवाको सुनिश्चितता पनि गर्ने स्वास्थ्य सेवा बीमाको उद्देश्य हो।

यो ~~पारिवारिक~~ पारिवारीक बीमा कार्यक्रम पनि हो। सर्वव्यापी सिद्धान्तअनुसार हाम्रो ऐन कानुनमा रहेको प्रावधान र प्रचलित कानुनलाई दृष्टिगत गरेर वार्षिक कार्ययोजना अनुसार यो कार्यक्रमलाई अगाडी बढाइएको छ। तर स्वास्थ्य बिमा रकम प्राप्तिमा हाल वर्तमान समयमा एउटा ठुलो समस्याको रूपमा देखा परेको छ। स्वास्थ्य बीमा कार्यक्रममार्फत औषधी बिक्री गर्ने फार्मेसीले कम मूल्यका औषधी बेचेर बीमाबाट बढी रकम लिएको तथ्य बाहिर आइरहेको बेला फार्मेसी सञ्चालकहरू बीमाले दिने रकम थोरै तर आफूले खरिद गर्नै गरेको मूल्य थोरै धेरै रहेका औषधीहरूपनि रहेको बताउँछन्। यसले समग्र कार्यक्रमलाई नै असफल बनाउने दिशामा डोऱ्याउने सम्भावना हुन्छ कि हुँदैन यस विषयमा विशेषत: स्वास्थ्य बीमा बोर्ड समयमै चनाखो हुन जरुरी छ।

त्यसैले, उपयुक्त तरिकाबाट स्वास्थ्य बीमाको बारेमा, यसको सेवा प्रवाहको बारेमा र यसले समेट्ने, नसमेट्ने लगायतका विषयमा प्रचारप्रसार गर्नु अति नै महत्त्वपूर्ण देखिन्छ। यसका लागि समयसमयमा सरोकारवाला, जनता, नागरिक समाज, सेवाप्रदायकसँग नियमित अन्तक्रिया र कार्यक्रमको समीक्षा गरी अघि बढ्नुपर्छ।

१४. (क)

Page 3

'यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो।'

प्रस्तुत गद्यांश कक्षा १२ को नेपाली पाठ्यपुस्तकमा डा. तारानाथ शर्माद्वारा लिखित 'हामरस्याको अकाली कात्ता' नामक नियात्राबाट उद्धृत गरिएको हो। आफ्नो गाउँको हिउँमा मिसिएको भाव छुट्टै हुन्छ र त्यो भावमा आफ्नोपन हुन्छ भन्नु नै माथिको वाक्यको मुख्य तात्पर्य हो।

बेलायतमा कतिपटक हिउँ देखिसकेका तारानाथ शर्मा सबैभन्दा धेरै नेपाली हिउँमै रमाएका छन्। आफ्नो देशको आकाशबाट आफ्नै माटोमा खसेको हिउँ चिसो कम न्यानो धेरै हुन्छ। त्यो हिउँ आफ्नो हुन्छ। त्यो हिउँलाई साँच्चिकै 'मेरो हिउँ' भनी भन्याउन सकिन्छ। त्यो हिउँ देशको मात्र नभई आफ्नै मुटुको बन्न पुग्छ। सुन्दर हिउँले आफ्नो देशको जमिनको शोभा बढाएको देख्दा मुटु प्रफुल्लित भएर आउँछ। त्यसमा पनि, नेपाल त एउटा हिमाली मुलुकको नाममा विश्वप्रसिद्ध रहेको मुलुक हो। हाम्रो हिमाली हार्दिकता हाम्रो जमिनमा खस्ने हिउँले बोकी ल्याएको हुन्छ। हाम्रो देशलाई सुशोभित गर्ने हिमाल पनि त्यो हिउँ खसेको हुन्छ। त्यो हिउँ सेतो र चम्किलो हुन्छ। संसारको कुनै पनि हिउँ आफ्नो मातृभूमिको जस्तो चम्किलो हुन सक्दैन।

आफ्नो देशमा खसेको हिउँले आफ्नो पहिचान बोकेको हुन्छ। त्यो हिउँ हाम्रो मुटुमै कतै बसेको हुन्छ र हामी त्यो हिउँ भन्दा अलग हुन सक्दैनौं। त्यसैले, यो हिउँ मेरो थियो, मेरो मुटुको थियो र हिमाली हार्दिकता बोकेको र चम्किलो थियो।

१५. (ख)

अ) स्वदेशमै रोजगारी सिर्जना गर्न समुदायका हरेक क्षेत्रमा सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु उपयुक्त हुन्छ। सहकारी उद्यमशील संस्था भएकाले यसअन्तर्गत धेरै उद्यमशील र सिर्जनशील प्रकृतिका कार्य समाविष्ट छन्। प्रकृति र संस्कृतिले भरिपूर्ण नेपालले सहकारीलाई समुदायका सबैजसो क्षेत्रमा स्थापना गरी आम जनसमुदायमा ~~भ~~ छरिएर रहेको पुँजी, प्रतिभा र प्रविधिको एकीकृत उपयोग गरी औद्योगिक विस्तार गरी प्रशस्त रोजगारी सिर्जना गर्न सकिन्छ। हाम्रो जस्तो गरिब मुलुकमा न्यून पुँजी भएका व्यक्तिलाई सहकारीमा आबद्ध भएर एक एक थोपा जम्मा गरी गाग्रो भर्ने सुविधा हुन्छ। सहकारी उद्यमशील संस्था भएकाले उद्यमशीलता र सिर्जनशीलताका क्षेत्र कृषि, पशुपालन, वन, वातावरण, विद्यालय, स्वास्थ्य, पर्यटन, सञ्चार तथा प्रविधि, वित्तीय सेवा, यातायात, जग्गा तथा आवास, ऊर्जा, बिमा, जडीबुटी एवम् नेपालको जलस्रोत, कृषि र पर्यटनमा सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गरी उद्योगको व्यवस्थापन गर्ने हो भने स्वदेशमै प्रशस्तै रोजगारी सिर्जना गर्न सकिन्छ। सहकारी उद्यमशील संस्था भएकाले स्वदेशमै रोजगारी सिर्जना भई लाखौँ युवा विदेसिनुपर्ने बाध्यताको अन्त्य हुन्छ।

आ) नेपाल प्राकृतिक र सांस्कृतिक दृष्टिकोणले विश्वकै अनुपम राष्ट्र हो। सहकारीका माध्यमबाट नेपालको जलस्रोत, कृषि र पर्यटनको क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ। कृषि, पशुपालन, वन वातावरण, विद्यालय, स्वास्थ्य, पर्यटन, सञ्चार तथा प्रविधि, वित्तीय सेवा, यातायात, जग्गा तथा आवास, ऊर्जा, बिमा, जडीबुटी एवम् नेपालको जलस्रोत, कृषि र पर्यटनमा सहकारीलाई प्रभावकारी रुपमा सञ्चालन गरेर उद्योगको व्यवस्थापन गरी सिर्जनशील युवाको सक्रिय सहभागिता गराएमा औद्योगिक विकाससँगै आर्थिक रुपमा ~~पर~~ परनिर्भरता कम गई आत्मनिर्भर संस्कृतिको विकास हुन्छ। सहकारीका माध्यमबाट सम्पूर्ण उद्योगलाई व्यवस्थित रुपमा सञ्चालन गर्दै नयाँ क्षेत्रलाई समेत समेटेर अघि बढ्न सके नेपाल संसारकै समुन्नत र ~~सु~~ सुखी मुलुक हुन्छ।

१६. (क)

मेरो विचारमा बिच जङ्गलमा आफूलाई एक्लै छाडेर जाने नललाई खोज्न दमयन्तीले गरेको दुःख उपयुक्त हो किनकि दमयन्तीलाई नलले कुनै नराम्रो नियतले उसलाई छाडेर गएको होइन भनेर पुरा विश्वास थियो। मनमा माया र सम्मान भएको कारण नै दमयन्तीले नलको खोजी गरेकी हुन्। त्यसैले उनको सङ्घर्ष उपयुक्त हो।

दमयन्तीले आफ्नो पति नलको चरित्रलाई राम्रोसँग बुझेकी छ। उसलाई आफ्नो पतिले छोडेर जानुको केही उपयुक्त कारण छ भनेर विश्वास छ। ऊ आफ्नो पति बिना आफ्नो जीवन कल्पना पनि गर्न सक्दिन किनभने नलपनि ऊ बिना खुसी भइ बाँच्न सक्दैन भन्ने कुरा उसलाई राम्रोसँग थाहा छ। यस्तो अवस्थामा उसले नलको खोजी गर्नु ठिक हो। नल कुनै समस्यामा परेको हुनसक्ने सम्भावनासमेत थियो। एक असल पत्नी भएकै कारण ऊ आफ्नो पतिको साथ र खुसी चाहन्थिन्। दुःखसुखमा सधैं साथ दिने प्राणभन्दा प्यारो पति नललाई खोज्न दमयन्तीले सङ्घर्ष गर्नु स्वभाविक नै हो।

तसर्थ, बिच जङ्गलमा आफूलाई छाडेर गएपनि, केही बाध्यताले नै गएको होला भन्ने बुझेर, एक्लै छोडेर जाने नललाई खोज्न दमयन्तीले गरेको दुःख उपयुक्त हो।

१७. (ख)

→

शारीरिक रूपमा अशक्त भएर पनि जीवनप्रति आशावादी बनेर निरन्तर अनुसन्धान गर्दै भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गरेर मानवीय चेतनालाई नयाँ उचाइमा पुर्‍याउन उल्लेख्य योगदान दिने वैज्ञानिक जगत्का विशिष्ट प्रतिभा हकिङ इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिका त्रिवेणी हुन्। उनले त्रिशक्तिकै आधारमा शारीरिक अशक्तामाथि विजय प्राप्त गरी मानवहितका लागि केही गर्ने तीव्र चाहना, त्यसलाई साथ दिने प्रतिभा र निरन्तरको साधनाका कारण भौतिक शास्त्रका नयाँ तथ्य उजागर गरेर सिङ्गो संसारलाई नै चकित बनाएका छन्। हकिङको जन्म मध्यम वर्गीय परिवारमा दोस्रो विश्वयुद्धको विभीषिकाबाट आक्रान्त परिस्थितिमा सन् १९४२ जनवरी ८का दिन आमा इसाबेल र बुबा फ्र्याङ्कको पहिलो सन्तानका रूपमा बेलायतमा भएको थियो।

शैक्षिक पारिवारिक वातावरणमा हुर्केका हकिङले सेन्ट अल्बान्सबाट विद्यालयीय शिक्षा पूरा गरेका थिए। उनी बाल्यकालदेखि नै जिज्ञासु र सिर्जनशील स्वभावका थिए। उनमा बाल्यकालदेखि नै ब्रह्माण्डप्रतिको जिज्ञासा सल्बलाएको थियो। उनले १७ वर्षको उमेरमा उच्च अध्ययनका लागि अक्सफोर्ड विश्वविद्यालयको युनिभर्सिटी कलेजमा भर्ना भएर भौतिक शास्त्र पढ्न थाले। स्नातक तहको अध्ययनको क्रममा सामान्य हिँडडुलमा पनि आफ्नो नियन्त्रण नभएको महसुस गर्न थाले। विद्यावारिधिका लागि क्याम्ब्रिज विश्वविद्यालयमा भर्ना भए तर उनलाई रोगले च्याप्दै लागेपछि आँखा आँखा तिरमिराउने र आवाज पनि लटपटिन थालेपछि परीक्षण गराउँदा एम्योट्रोफिक ल्याटरल स्क्लेरोसिस नामको स्नायुसम्बन्धी रोग लागेको पत्ता लाग्छ। चिकित्सकबाट उनको आयु दुई वर्ष मात्र भएको थाहा पाएपछि उनी निराश हुनुका साथै मानसिक रूपमा पीडा हुन्छ। रोग दिनप्रतिदिन बढ्दै जाँदा बिस्तारै अङ्गले काम गर्न छोड्दै जान्छन्। उनी लट्ठीको सहाराबिना हिँड्न नसक्ने हुन्छन्। यस्तो विषम परिस्थितिमा पनि दृढ इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिकै कारण रोगसँग सङ्घर्ष गर्दै उनले सन् १९६६

मा क्याम्ब्रिजबाट विद्यावारिधि गर्न सफल हुन्छन् ।

त्यसपछि क्याम्ब्रिजमा विद्वतवृत्ति प्राप्त गरी अनुसन्धाताका रूपमा काम गर्न थाले । सन् १९६८ मा खगोल अध्ययन संस्थानका सदस्य भए । सन् १९६९ तिर हातखुट्टा चल्न छाडेपछि उनी ह्विलचीयरबिना कतै जान नसक्ने हुन्छन् । उनले ह्विलचेयरकै सहारामा आफ्नो विभागमा गई नियमित काम सम्पन्न गर्थे । अध्ययन अध्यापनको कामलाई निरन्तरता दिँदै एकपछि अर्को सफलता हात पारिरहे । सन् १९७४ मा विश्वकै प्रतिभाशाली वैज्ञानिक सम्मिलित रोयल सोसाइटीको सभामा सामेल भए । सन् १९७९ मा गणित विषयमा क्याम्ब्रिजमै ल्युकेसियन प्रोफेसर बन्न पुगे । शल्यक्रियाबिना उनलाई बचाउन असम्भव भएपछि शल्यक्रिया गरियो तर उनको आवाज पूरै हरायो । यसपछि उनले आफूले गरिरहेको काम अगाडि बढाउन सकेनन् अनि धेरै जनाबाट टाढा रहनुपर्ने भयो । तथापि केही समयपछि उनको मस्तिष्कको तरङ्ग र अनुहारका भावका आधारमा सञ्चालन हुने कम्प्युटर निर्माण भयो र ~~उनका~~ यसैका सहायताले आफ्ना अनुसन्धानसम्बन्धी लेख प्रकाशित गर्ने, प्रवचन र अन्तर्वार्ता दिने गर्न थाले । उनी ~~धारे~~ शारीरिक रूपमा अशक्त भएर पनि आफू शक्तिहीन भएको कतिपनि महसुस गरेनन् । 'आशा राख र व्यस्त बन' लाई मूल मन्त्र बनाए । उनले शारीरिक अशक्ततालाई अनुसन्धान गर्ने उपयुक्त अवसरका रूपमा लिए । जीवनप्रति आशावादी बनी निरन्तर अनुसन्धान गरी भौतिक शास्त्रमा नयाँ तथ्य उजागर गर्न सफल भए । दर्जनभन्दा बढी पुस्तकहरू र कैयौँ शोधपत्र तयार गरी प्रकाशन गरेका छन् । ब्रह्माण्डको उत्पत्ति र संरचना, विकास र भविष्यसम्बन्धी गहिरो अध्ययन गरी मौलिक मान्यता प्रस्तुत गरेका छन् ।

यसरी हकिङले इच्छा शक्ति, ज्ञानशक्ति र क्रियाशक्तिकै आधारमा शारीरिक अशक्तताका बाबजुत वैज्ञानिक जगतकै विशिष्ट प्रतिभाका रूपमा चिनाउन सफल भएका छन् । हकिङले हकिङ भौतिक रूपमा सन् २०१८ मार्च १४ मा ~~संसार~~ अरताए पनि उनी सदा अमर बनेका छन् ।

१८.

## बिस वर्षपछिको मेरो सपनाको नेपाल

विधाताले विश्वभरकै सुन्दरतालाई जम्मा पारेर छालेकै खन्याएको मुलुक हो मेरो नेपाल ; वीर पुर्खाहरूले आफ्नो ज्यान पचाएर बचाएको मुलुक हो मेरो नेपाल; स्वर्गको देवगणहरूले समेत भिन्न -भिन्न रूपमा जन्मन मन पराएको मुलुक हो मेरो नेपाल । वर्तमानमा विसङ्गतिका काँढाले घाइते बनाएर तापनि मेरो नेपाल उज्यालो आगत वा स्वर्णिम भविष्यतर्फ लम्केको छ । मेरो सपना छ - रमाइलो भविष्यको राजपथमा मेरो देश हिँडोस् ; मेरो सपना छ - तमाम विसङ्गतिहरूसँग मेरो देश भिडोस् । म नेपालको रमणीय आगतको जुन कल्पना वा आशा गरिरहेको छु त्यही नै मेरो सपनाको नेपाल हो, भविष्यको नेपालको जुन चित्र मेरो हृदयमा टाँसिएको छ, त्यही नै मेरो सपनाको नेपाल हो ।

मेरो सपनाको नेपालमा विकासको राजनीति हुनेछ । राजनैतिक विसङ्गति र विकृतिहरूलाई डाँडो कटाइनेछ । जनताको आस्था र विश्वास जितेर निर्वाचित प्रतिनिधिहरू व्यक्तिगत चिन्तन अनि सोचको गर्तबाट माथि उठेर जानेछ र गएर उठेर स्वच्छ ~~राजधानी~~ ~~र~~ राजनीतिको र राष्ट्रिय विकासको अभियानमा संलग्न हुनेछन् । सत्तासमीकरणभन्दा विकासको समीकरणमा बढी जोड दिइनेछ, कृषिप्रधान देश कुर्सीप्रधान देश बन्नेछैन । परीक्षामा अनुत्तीर्ण हुनेहरू राजनीतिमा समुत्तीर्णमा हुनेछैनन् । नक्कीको भऱ्याङ चढेर सत्ता आरोहण गर्ने दुस्प्रयास पनि हुनेछैन न त नक्कीनाला सुम्पेर सत्ता जोगाइराख्ने अप्रयास नै हुनेछ । राष्ट्रिय विकासका लागि सहमति हुनेछ, विनाशका लागि होइन । प्राडो र पजेराहरूभन्दा पाखा र पखेराहरू प्रति मोह हुनेछ । नेताको नाक समाउँदा नाक धुन्नुपर्नेछैन । मेरो घर बनाऊ भन्ने होइन मेरो मुलुक बनाऊ भन्ने राजनीति हुनेछ । मुलुक बनाउनेहरू तिरस्कृत होइन पुरस्कृत हुनेछन् । अनि देशप्रेमीहरूको बिचल्ली हुनेछैन ।

मेरो सपनाको नेपालमा एउटा स्वच्छ - पवित्र एवम् राष्ट्रिय हितकालागि विकासको राजनीति हुनेछ। मेरो सपनाको नेपालमा अशिक्षा र अज्ञानको कुहिराभित्र रुमल्लिनुपर्नेछैन। अधिकांश निरक्षर नेपालीहरूका घर आँगनमा चेतनाको मिर्मिरे झुल्कनेछ ; ज्ञानको ज्योति चम्कने छ। महँगो शिक्षा आर्जन गरेर रोजगारको भिक्षा माग्दै आजीवन परजीवी बन्नुपर्ने दुर्नियतिबाट शिक्षित वर्ग जम्कनेछ। जीवनोपयोगी प्राविधिक - व्यावसायिक शिक्षा आर्जन गरेर या पढे - लेखेकाहरू आफ्नै खुट्टामा उभिनेछन्। शिक्षा र सुविधाका अवसरहरू सहरमा मात्र केन्द्रित हुनेछैनन् ; गाउँ - गाउँमा विद्यालय र महाविद्यालय स्थापना हुनेछन्। मेरो सपनाको नेपाल नयाँ ~~कथम~~ कायाकल्प हुनेछ। अतीतका गौरवगाथाहरूको संस्मरण गर्दै तिनको साहसिक अनुसरण हुनेछ। यहीँका माटोमा वेदव्यासले अठार ~~*~~ पुराणको रचना गर्दै परोपकारी भावनाको सञ्जीवनी फिँजाएको कुराको सम्झना हुनेछ। मेरो सपनाको नेपालमा वीर ~~वीरङ्~~ वीराङ्गनाहरूले पुनर्जन्म लिनेछन्।

यो मेरो सपना सपना मात्रै होइन , जपना हो ; आदर्श मात्रै होइन यथार्थ हो। मेरो सपना मेरो सोचाइ हो , चिन्तन हो, सङ्घर्ष हो, समर्पण हो र लक्ष्य पनि हो। मेरो सपना आजको मेरो नेपाल सुनौलो भविष्यको सुन्दर विपना हो। त्यसैले नेपालका बारेमा मैले देखेको यो सपना वर्तमान नेपाल राष्ट्रलाई सुन्दर र समुन्नत राष्ट्रमा रुपान्तरित गर्ने सामूहिक अठोट मात्र नभई प्रतिबद्धताको प्रतिबिम्ब हो।

# नमुना सेट-२

## प्र.नं १

| शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
|---|---|---|
| ऋग्वेद | /रिग्. बेद/ | दुई |
| ऊर्जाशील | /उर्. जा. सिल्/ | तीन |
| अन्धकार बाट | /अन्. ध. कार. बा. ट/ | पाँच |

## प्र.नं २

म खप्तडमा वसन्त बिताउन चाहन्छु, तुम्लिङमा हिउँ खेल्न चाहान्छु र राजापुरको काँसे थारीमा भ्याउरे गाउन चाहन्छु।

## प्र.नं ३

उखान : अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ

अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ : अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ भनेझैं एकपटक नाङ्गो तार छोएका कारण करेन्ट खाएको राम अहिले बत्ती बाल्न समेत डराउँछ।

टुक्का: कान ठाडो पार्नु

कान ठाडो पार्नु: भाइले आमाबुवाको कुरा कान ठाडो पारेर सुनिरहेको थियो।

प्र.नं ४

| शब्द | पदवर्ग |
|---|---|
| मूर्ख | विशेषण |
| रहेँदो | क्रियापद |
| तर | संयोजक |
| मूर्ख | नाम |
| त्यस | सर्वनाम |
| नै | निपात |

प्र.नं ५

| तद्भव शब्द | आगन्तुक शब्द |
|---|---|
| हिँडेर | मोटरसाइकल |
| पुग्यौं | एयरपोर्ट |

CamScanner

## प्र.नं ६ (क)

| उपसर्ग व्युत्पन्न शब्द | निर्माण प्रक्रिया |
|---|---|
| गैरजिम्मेवार | गैर + जिम्मेवार |
| प्रबुद्ध | प्र + बुद्ध |

| प्रत्यय व्युत्पन्न शब्द | निर्माण प्रक्रिया |
|---|---|
| दलीय | दल + ईय |
| राष्ट्रिय | राष्ट्र + इय |

## प्र.नं ७ (ख)

तपाईंहरु हिजो कहाँ जानुभएको थियो? म तपाईंलाई भेट्न आएकी थिएँ। बाख्राको पाठो पिँढीमा खेल्दै थियो। गाईहरुका बाछाहरु फुकेर बारीमा पसेका थिए।

## प्र. ८ (क)

मेरी बहिनी ठुली भएपछि डाक्टर बन्ली। समाजको खुब सेवा गर्ली। बुबाआमालाई सुख देली। विश्वभर नाम कमाउली।

## प्र.नं ९ (क)

स्वदेशमा ~~काम~~ रोजगारी नभएर वैदेशिक रोजगारीको बाटो समातेका नेपाली युवाहरु विदेशमा सोचे जस्तो

काम नपाएपनि त्यहीं काम गर्न बाध्य छन्।

पृ.नं १०

क)

मन संसारको कल्पना गर्ने एक मात्र इन्द्रिय भएकाले यसलाई कल्पनाको कारक मानिएको हो।

ख)

मन कहिल्यै पनि एकसमान नहुने र समय अनुकूल फेरिरहन्छ भन्नु नै मन नित्य परिवर्तनशील छ भन्नुको तात्पर्य हो।

ग)

आत्मज्ञानीका विचारमा संसार भएका ठाउँमा मन अवश्य पनि हुने र मन नभएका ठाउँमा संसार नै नहुने भएकाले मन र संसारको सम्बन्ध अति गहिरो छ।

घ)

मनको मुख्य कार्य नै मानिसलाई सुख र दुःखको अनुभव गराउने भएकाले यसलाई सुख र दुःखको

कारण भनिएको हो।

घ)

सङ्कल्प : कुनै इच्छा साकार पार्ने अठोट
आध्यात्मिक : अध्यात्मसित सम्बन्ध राख्ने

पृ.नं ११

बुँदा टिपोट:

१) हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हुनु,
२) यहाँ भाषा, नृत्य, गीत, संस्कार, रीतिरिवाज र परम्पराको भण्डार हुनु
३) सामुदायिक विविधता खानपान, पहिरन र आस्था केन्द्रमा देखिनु,
४) आपसको सहिष्णुता नै विश्वमा हाम्रो अनुपम पहिचान हुनु।

सारांश

हाम्रो संस्कृति

हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो। यहाँ भाषा, नृत्य, गीत, संस्कार रीतिरिवाज र परम्पराको भण्डार नै छ। हाम्रो सामुदायिक विविधता यहाँको खान-पान, पहिरन र आस्था केन्द्रमा देखिन्छ। हाम्रो आपसमा रहेको सहिष्णुता नै विश्वमा हाम्रो अनुपम पहिचान हो।

अनुच्छेदमा भएको शब्द सङ्ख्या : १५०
सारांशमा हुनुपर्ने शब्द सङ्ख्या : ५०
सारांशमा भएको शब्द सङ्ख्या : ४५

प्र.नं १२ (क)

विज्ञप्ति

काठमाडौं पब्लिक स्कुल
काठमाडौं, नेपाल

मिति: २०७३/१०/२९

## विज्ञप्ति

काठमाडौं पब्लिक स्कुल वि.सं. २०६१ मा स्थापना भई गुणस्तरीय विद्यालयीय शिक्षा प्रदान गर्दै आएको शैक्षिक संस्था हो। यसले पढाइका साथसाथै थुप्रै अतिरिक्त क्रियाकलाप र कार्यक्रम गरिरहेको बेहोरा विद्यार्थी र अभिभावकहरूमा अवगत नै छ।

यस विद्यालयले वि.सं. २०७३ को वार्षिक दिवस मिति २०७३/११/११ मा गर्ने निर्णय गरेको छ। यस कार्यक्रममा हाम्रो नेपाली संस्कृतिलाई झल्काउँदा हाम्रा विद्यार्थीहरूले नृत्य, गीत, नाटकद्वारा आफ्ना प्रस्तुतीहरू देखाउने छन्। विद्यालयले आयोजना गरेका विभिन्न प्रतियोगितामा विजयी हुने सबैलाई यही दिन पुरस्कार प्रदान गरिने छ। उक्त कार्यक्रमलाई यस विद्यालयको फेसबुक पेज र युट्युब च्यानलमा प्रसारण गरिने छ।

कार्यक्रमलाई भव्य बनाउनका लागि विगतमा झैँ सबैको सकारात्मक सहयोगको अपेक्षा गरिएको छ।

धन्यवाद

नरेन्द्र कर्माचार्य

~~प्रध्यापक~~

प्रधानाध्यापक

प्र.नं १३ (क)

टिप्पणी

## नेपाली युवाको विदेश मोह

दिनहुँ लाखौं युवाहरु लोभलाग्दा अवसरका पछि लागेर देशबाट बाहिरिनु नेपालका मुख्य समस्याहरुमध्य एक हो। नेपाली युवाहरु विदेशको सुख सयलदेखेर मोहित भए-को देखिन्छ। विदेश जान पाए आनन्दको जीवन जिउन पइन्छ भन्ने मान्यता धेरैको देखिन्छ।

वास्तवमा, युवहरु विदेशको जीवन र संस्कृतिप्रति मोहित हुनुमा सबै भन्दा ठुलो हात चलचित्र र सङ्गीत कै हो। विदेशका चलचित्र र सङ्गीतले नेपाली युवामा यस्तो प्रभाव पारेको छ कि उनीहरु आफ्नो संस्कृतिलाई भुल्दै गएका छन्। नेपाली संस्कृतिलाई उनीहरु आफैंले होच्याउने र हेप्ने गर्न थालेको छन्। विदेशी जसरी खान लाउन पाए-मा मात्र ठुलो र सम्मानतिय हुन सकिन्छ भन्ने खालको मानसिकता उनीहरुको बनेको छ। यसले नेपालको विकासमा गहिरो चोट पुर्याउन सक्छ। भविष्यका पूर्वाधार युवा पिढीले नै देश विकासमा रुचि नदेखाएपछि देश विकासमा समस्या आउनु स्वाभाविक नै हो।

सरकारले रोजगारीको सिर्जना गरेर युवालाई आफ्नै देशमा राख्न सकेमात्र यो समस्याको अन्त्य हुन सक्छ।

प्र.नं ५१ (क)

अ)
परमाणुयुद्ध, विश्वव्यापी तापक्रम बृद्धि र प्रकृति विरुद्धका मानवीय गतिविधिहरु पृथ्वीमा मानव जीवन खतरामा पर्नुका कारण हुन्। यी कारणले एकदिन पृथ्वी मानवीय बसोबासको लागि योग्य रहँदैन। यति मात्र नभइ मानिसकै दिमागका उपज, कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट पनि मानव जीवनका लागि खत्रा हुँ। स्टिफन हकिङले यस्ता समस्याबारे सबैलाई बारम्बार सचेत गराउने गर्थे

आ)
कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको कारण, हकिङले मानिसलाई यिनीहरुबाट सचेत हुन आग्रह गरेका हुन्। कृत्रिम बुद्धिमतापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर तिनीहरुले मानिसले गर्ने सबै काम सजिलै गर्न सक्छन्। कुनै दिन मानिसले रोबोटलाई नभइ रोबोटले चाहिं मानिसलाई नियन्त्रण गर्ने दिन आउन सक्छ। यस्तो अवस्था नआओस भनेर नै हकिङले मानिसलाई कृत्रिम बुद्धिमतापूर्ण रोबोटको निर्माणमा सचेत हुन आग्रह गरेका हुन्।

CS CamScanner

प्र.नं १६ (क)

'एक चिहान' उपन्यासमा प्रेम र स्वतन्त्रताका सम्बन्धमा शिवनारानले व्यक्त गरेको विचार मलाई उचित लाग्यो। उनको यसबारे विचारले उपन्यासको प्रगतिशीलतमा थप गरिदिएको छ। शिवनारानले प्रेम र अश्लीलता बिचको फरक छर्लङ्ङै पारिदिएका छन्।

जब नानीथकुं र गोदत्तप्रसादको प्रेम सम्बन्धी कुरा शिवनारानले थाहा पाउँछन् उनी रिसले आगो हुन्छन्। उनले यो सम्बन्धलाई अनुचित ठान्छन् किनकि नानीथकुं सत्र वर्षकी तरुणी थिइन् भने डा. गोदत्तप्रसाद तीन बच्चाका बाउ थिए। उनको उनीहरुको उमेरमा त ठुलो फरक थियो नै, त्यही माथि डा. गोदत्तप्रसाद बिवाहित पनि थिए। त्यसैले, सामाजिक मर्यादालाई उलङ्गन गर्ने खालको यस अनुचित सम्बन्धलाई शिवनारानले स्विकारेनन्। तर, यसको ठिक विपरित, हर्षनारान र पुतली तामाङको प्रेमलाई शिवनारानले खुसीसाथ स्वीकार्छन् किनकि हर्षनारान र पुतली तामङ लगभग एउटै उमेरका थिए र कुरा बुझ्ने उमेरका थिए। दुवैको जात फरक भएपनि एकअर्कालाई साँचो प्रेम गर्थे। उनीहरुको प्रेम व्यवहारिक थियो। त्यसैले, शिवनारानले बिहिनी नानीथकुंको प्रेम सम्बन्धको विरोध गर्नु र भाइ हर्षनारानको प्रेम सम्बन्धको समर्थन गर्नु उनको चेतनाको झिलको हो।

अत: शिवनारानले उपन्यासमा प्रेम र स्वतन्त्रताका सम्बन्-

यमा शिवनारानले व्यक्त गरेको विचार व्यवहारिक भएकाले मलाई उक्त विचार ठिक लाग्यो।

प्र.नं १६ (ख)

नेपाली साहित्यका सशक्त स्वच्छन्दतावादी, क्रान्तिकारी र राष्ट्रभक्त कवि एवम् प्रथम गद्यकवि गोपालप्रसाद रिमाल (१९७५) द्वारा रचिएको 'आमाको सपना' कविता क्रान्ति र राष्ट्रभक्तिले ओतप्रोत भएको एउटा उत्कृष्ट कविता हो। यो कवितामा नेपाल आमालाई मानवीकरण गरी क्रान्ति नै उनको इच्छा हो भनी देखाउन खोजिएको छ। यस कवितामा क्रान्ति बिहानको सूर्य झैं उज्यालो दर्दै कम्मरमा शीत जस्तै टल्कने हतियार भिडाएर आउने कुरा गरिएको छ।

तत्कालीन समयमा सामन्ती सत्ता र भयनीय परिवेशमा कोही वीर सन्तान क्रान्तिकारी बनि त्यो त्रसित स्थितिबाट सबैलाई मुक्त गरोस भन्ने सपना आमाले देखेकी थिइन्। उनले त्यो क्रान्तिको एउटा धारिलो हतियार कम्मरमा भिडाएर आउँछ भन्ने विश्वास गरेकी थिइन्। यस कवितामा त्यही क्रान्तिपुरुषले चम्किलो हतियार साथ अधर्म नष्ट गरिदिएपछि क्रान्ति आउने भनिएको छ। केही नेपालीले त्यतिबेला कल्पनासमेत गर्न नसकेको स्वतन्त्रताको उज्यालो ल्याउने मानिसको जन्म भएपछि क्रान्ति आउँछ। खासमा, हरेक नेपालको जन्म हुन बित्तिकै उसको अनुहार, हँसाइ र बोलाइमा क्रान्ति ल्याउने क्षमता हुन्छ।

नेपालमा क्रान्ति तबमात्र आउँछ जब हरेक नेपालीहरु आफ्ना आमाहरुका काखबाट उठेर हरेक अन्यायविरुद्ध लड्छन्। आमाले सोचेको जस्तै चम्किलो हतियार; वीरता र सत्यको हतियार, बोकेर युद्धमा निस्किएपछि मात्र क्रान्ति आउँछ। निरङ्कुश र सामन्ति राणाहरुलाई नेपालीको स्वतन्त्रता र अधिकारको हनन् गर्नुबाट रोकेपछि मात्र क्रान्ति आउँछ। आमाले जन्मनबित्तिकै अनुहार, हाँसाइ र बोलीको आधारमा गरेको अन्दाजलाई यथार्थमा परिणत गर्न सके मात्र क्रान्ति आउँछ।

क्रान्ति ल्याउन नेपाल र नेपालीका निम्ति आफ्नो ज्यान बकसन समेत नडराई कुनै चलाख रणनिति बनाई नेपाली समाजमा जरा गाडेर बसेको राणाहरुको घमण्ड र अहङ्कारलाई जरैदेखि उन्मूलन गर्नुपर्छ। यसरी, कोही वीर नेपाली अरु सबै नेपालीहरुका लागि ज्यान नै त्यागन पनि पछि नपरि तत्कालिन् समयको सत्ता हटाए मात्र नेपालमा क्रान्ति आउन सक्छ।

अत: 'आमाको सपना' कवितामा राणाकालको भयनीय स्थितिको चित्रण गरिएको छ र अप्रत्यक्ष तरिकाले त्यो समय कट्ने विश्वास पनि व्यक्त गरिएको छ। नेपाल आमाको क्रान्ति ल्याउने सपना पूरा गर्न सबै नेपाली एकजुट भइ आफ्नो अधिकारका लागि लड्नुपर्छ भनेर यस कवितामा व्यक्त गरिएको छ।